# भौमगुप्तको पतनपछिको नयाँ संवत्

-शंकरमान राजवंशी

संवत्को प्रचलन विभिन्न किसिमको हामी पाउँछौं। जुन प्रचलन महापुरुषहरूको नामबाट राजनैतिक परिवर्तनबाट वा प्रभावकारी महत्वपूर्ण घटनाबाट भएका छन्। संवत्मा सवप्रथम कलिसंवत् छ। कलिसंवत् महाभारतको युद्धपछि चलेको हो भन्ने कुरा दक्षिण चालुक्यवंशी राजा पुलकेशी ( दोस्रा ) का समयको एहोलको पहाडखण्डमा रहेको जैनमन्दिरको शिलालेखबाट थाहा हुन्छ। त्यसमा महाभारतको युद्धदेख ३७३५ तथा शकराजा (शकसंवत्) को ५५६ वर्ष बितेपछि यो मन्दिर बनाइयो भन्ने लेखिएको छ। यसबाट ( ३७३५-५५६-३१७९ ) शकसंवत्भन्दा ३१७९ वर्षपहिले महाभारतको युद्ध भएको थियो भन्ने देखिन्छ◆। भारतको युद्धमा विजय पाएपछि युधिष्ठिरले राज्य चलाए। तसर्थ कलिगतसंवत्लाई युधिष्ठिरसंवत् पनि भन्दछन्। ताडपत्रमा लेखिएको सुमतितन्त्र नामको ज्योतिषविषयक पुस्तकको दोस्रो पत्रमा संवत्का विषयमा यसरी उल्लेख गरिएको छ । जस्तैः-

> युधिष्ठिरमहाराजो दुर्योधनस्तयोः पिता ।
> उभौ राजौ सहस्रे द्वे वर्षन्तु सम्प्रवर्तीत
> नन्दराज्य शताष्टं च चन्द्रगुप्तस्ततोपरे ।
> राज्यं करोति तेनापि द्वात्रिंशच्चाधिकं शतम् ।
> राजा शूद्रकदेवश्च वर्षसप्ताब्धिचाश्विनौ ।
> शकराजा ततः पश्चाद्वसुरन्ध्रकृतन्तथा ।

(राष्ट्रिय अभिलेखालय विषयांक ४९५ को सुमतितन्त्र)।

(२००० वर्षसम युधिष्ठिर र दुर्योधनको संवत चल्छ। त्यसपछि ८०० वर्षसम नन्दको संवत् चल्छ । त्यसपछि १३२ वर्षसम चन्द्रगुप्तको संवत् चल्छ। त्यसपछि ४९८ वर्षसम शकसवत् चल्छ)●।

अर्को कुरा दैवज्ञशिरोमणि लक्ष्मीपतिले वि. सं. १८५४ मा बनाएको रत्नदीपक नामक ज्योतिषपुस्तकको टीकामा संवत्मा विषयमा भविष्योत्तर वचन यसरी दिइएको छ। जस्तैः-

> कुरुवंशोद्भवो राजा कुन्तीपुत्रो युधिष्ठिरः ।
> वेदवेदाम्बराब्द ३०४४ स्वशक चालयिष्यति ।
> जातेऽधर्मे पुना राजा विक्रमार्को भविष्यति ।
> शालिवाहो नृपो नाम शंकराराधने रतः ।
> ( रत्नदीपटीका ) ।

( कुरुवंशमा पैदा भएका कुन्तीका छोरा राजा युधिष्ठिरको संवत् ३०४४ वर्षसम चल्नेछ । फेरि अधर्म भएमा राजा विक्रमार्क हुनेछन् । १३५ वर्षसम उनको संवत् चल्नेछ । त्यसपछि शंकरको आराधना गर्ने शालिवाहु नामका राजा हुनेछन् ) ।

---

◆ यो कुरा मेरो नेपाली लिपिविकास नामक पुस्तकको ११ पृष्ठमा पनि दिएका छ। त्यसमा ३७३५ को ठाउँमा ३७५३ भई हिसाब अशुद्ध हुन गएको छ।

● यस सुमतितन्त्र पुस्तकको अन्त्यमा कुनै बुद्धिमान् मानिसले यस श्लोकको गद्यमा टीका लेख्दा शक ४९८ पछि मानदेवराज्याब्द ३०४ भर्ना श्लोकमा भन्दा बढी कुरा थपिदिएको छ। त्यो कल्पित हो भनी मेरो लिच्छविसंवत्को निष्कर्ष नामक पुस्तकमा खण्डन गरिएको छ।

यसरी युधिष्ठिरका पालादेखि संवत्को प्रचलन हुंदै नन्दका पालामा नन्दसंवत्, विक्रमका पालामा विक्रमसंवत्, चन्द्रगुप्तका पालामा चन्द्रगुप्तसंवत्, शूद्रकका पालामा शूद्रकसंवत् र शकका पालामा शकसंवत चलेको रहेछ भन्ने कुरा थाहा पाइन्छ । तर यी सबै नेपालमा चलेका संवत होइनन् । तसर्थ अब नेपालमा प्रचलित संवत्का विषयमा विचार गरौं ।

नेपालमा लिच्छविकालमा सर्वप्रथम लिच्छविसंवत् चल्यो । त्यो लिच्छविसंवत शकपूर्व २२ मा चलेको हो भन्ने कुरा मैले लिच्छविसंवत्को निष्कर्ष नामक पुस्तकमा प्रतिपादन गरिसकेको छु, जुन संवत् लिच्छविले किरातलाई विजय गरेपछि चलेको थियो । यो लिच्छविसंवत राजा शिवदेवका पालासम्म चल्दै रह्यो । अंशुवर्माका पालामा आएर त्यस लिच्छविसंवत्लाई छाडेर अर्को संवत् देखापर्दछ । त्यस संवतको नाम कतै उल्लेख भएको पाइएको छैन । त्यसकारण त्यस संवतका विषयमा विभिन्न इतिहासकारहरूले आफ्ना विभिन्न मत प्रतिपादन गरेका छन् ।

सर्वप्रथम भगवानलाल इन्दजीले त्यसलाई वि.सं. ६६३ देखि चलेको हर्षसंवत् भनी प्रतिपादन गरे । सिलवन लेभीले चाहिं त्यसलाई वि. सं. ६५२ देखि चलेको भोटेसंवत भन्ने कल्पना गरे । के. जी. शंकरले त्यसलाई वि. सं. ५९५ देखि चलेको यशोवर्मसंवत् भन्ने तर्क निकाले । पं. हेमराज शर्माले त्यसलाई वि. सं. ६३३ देखि चलेको मानदेवसंवत भन्ने अठोट गरे । बालचन्द्र शर्माले त्यसलाई वि. सं. ६२८ देखि चलेको ठकुरीसंवत भन्ने विश्वास गरे । रमेशचन्द्र मजुमदारले त्यसलाई वि. सं. ६३५ देखि चलेको संक्षिप्त शकसंवत भन्ने निष्कर्ष निकाले । हितनारायण झाले त्यसलाई वि. सं. ६३१ देखि चलेको अंशुवर्मसंवत् भनी कलम दौडाए । कारण त्यस वेला गणना गर्ने कुनै खंदिलो आधार थिएन ।

अहिले चांगुनारायणको पादपीठमा रहेको अंशुवर्माको एक सुवर्णपत्र प्राप्त हुन आयो । त्यस सुवर्णपत्रमा संवत् ३१ माघ शुक्ल त्रयोदशी पुष्य नक्षत्र आइतवारको मिति उल्लेख गरिएको छ । त्यस मितिलाई उपर्युक्त सबै मतमतान्तरबाट गणना गरी हेर्दा कुनै मतमतान्तरबाट पनि मिल्न आएन । त्यसकारण यो संवत् कहिलेदेखि चलेको रहेछ भनी अनुसन्धान गर्नुपर्ने भयो र संवत् ३१ कै अधिकमासको उल्लेख भएको अंशुवर्माको अर्को अभिलेख पनि पाइयो । अनि त्यस वर्षमा अधिकमास परेको पनि रहेछ भन्ने ज्ञात हुन आयो । अधिकमास पर्ने कुनचाहिं वर्षमा उक्त सुवर्णपत्रमा उल्लिखित मितिको गणना मिल्न आउला भनी अनुसन्धान गर्दै जांदा अधिकमास पर्ने शकसंवत ५०५ मा गएर उक्त सुवर्णपत्रमा उल्लिखित मितिको गणना मिल्न गएकोले ५०५–३१ = ४७४ शकसंवतदेखि अंशुवर्मसंवत् उठेको रहेछ भन्ने देखियो । यो अंशुवर्मसंवत राघवदेवका पालामा गएर शकाब्द ८०२ मा टुंगिन्छ । राघवदेवका बाबु तृतीय मानदेवका पालामा लेखिएको सहोत्तरतन्त्र नामक सुश्रुत ग्रन्थ पाइएको छ । सो पुस्तक केशरपुस्तकालयमा छ । त्यस पुस्तकको पुष्पिकामा संवत् ३०१ वैशाख शुक्ल सप्तमीं पुष्य नक्षत्र आइत वारको मिति उल्लेख गरिएको छ । त्यसलाई पनि शकाब्द ४७४ बाट उठेको अंशुवर्मसंवतबाट गणना गर्दा मिलेकोले अंशुवर्मसंवत शकाब्द ४७४ बाट उठेको रहेछ भन्ने कुरालाई पुष्टि दिएका छ । अब शकसंवत ४७४ मा कस्तो घटना भएछ भनी विचार गर्नुपर्ने भयो ।

वसन्तदेवका पालादेखि आभीर गुप्तहरूले राजकाजको काममा स्थान पाइसकेका थिए भन्ने कुरा उनका पालाका अभिलेखहरूबाट थाहा पाइन्छ । यी गुप्तहरू आफूलाई गोमी भन्दछन् । प्रशस्त गाई भएकालाई त्यस ताका गोमी शब्दको प्रयोग गरिन्थ्यो । भौमगुप्तकी आमा आभीरीले पशुपतिमा राखेको अभिलेखमा आफूलाई गोमिनी भनि उल्लेख गरेकी छन् । वसन्तदेवको अभिलेखमा दूतकका रूपमा गुप्तहरूको उल्लेख पाइन्छ । तिन ताका राजाको आज्ञा जनतासम्म पुऱ्याउने काम गर्ने अधिकारी दूतक कहलाउंथ्यो । राजाको विश्वासपात्र नभई दूतक बन्न त्यसै पाइंदैनथ्यो । वसन्तदेवका दूतक रविगुप्तले सर्वदण्डनायक महाप्रतिहार भन्ने पदवी पाएका थिए । लिच्छविकालमा शान्तिसुरक्षासंबन्धी काम गर्ने पुलीसविभागका उच्च अधिकारीमध्ये मुख्य अधिकारीचाहिं सर्वदण्डनायक भनिन्थ्यो । कूटनीति आदि विभिन्न आवश्यक कुरा राजामा जाहेर गर्ने अधिकारीमध्ये मुख्य अधिकारीचाहिं महाप्रतिहार भनिन्थ्यो । त्यसकारण यी रविगुप्त वसन्तदेवका पालामा शक्तिशाली थिए भन्ने थाहा हुन्छ । लिच्छविसंवत् ४३४ देखि यी रविगुप्त शक्तिशाली हुंदै लिच्छविसंवत् ४५४ ताका आएर राजाका सहायक शासकसमेत हुन पुगेका थिए ।

तर लिच्छविसंवत् ४५४ को बलम्बु चोकिटार र पासिख्यको वसन्तदेवको अभिलेखमा रविगुप्तका साथै महासामन्त क्रमलीललाई पनि सहायक शासक बनाई अधिकार दिएको उल्लेख छ । यी क्रमलीललाई श्री पदवी लगाएको र रविगुप्तलाई नलगाएको हुनाले रविगुप्त जातसुकै शक्तिशाली भए तापनि रविगुप्तभन्दा क्रमलील माथिल्लो तहका रहेछन् भन्ने बुझिन्छ । किनभने यी क्रमलील महाराज महासामन्त हुन् । यसरी महाराज महासामन्त क्रमलील वसन्तदेवका सहायक शासक भई राजनीतमा भूमिका खेल्न पुगेका थिए । यसको फलस्वरूप कए वर्ष नबित्दै वसन्तदेव तथा रविगुप्तको अन्त्य भयो । त्यसैले लिच्छविसंवत् ४५५ चैत्रमा प्रतिहार ध्रुवसंघले राखेको पशुपति भस्मेश्वरको अभिलेखमा राजाको नामोल्लेख छैन । त्यस बखत गद्दीमा को बस्ने भन्ने निश्चित भइसकेको थिएन भन्ने बुझिन्छ । किनभने राजदरबारभित्र रहने प्रतिहार ध्रुवसघले शिलालेख राख्दा राजाको उल्लेख नगर्नु एउटा घटित घटनाविशेषको कारण हुन सक्दछ । त्यसपछि लिच्छविसंवत् ४६७ मा रामदेवका पालामा यी क्रमलील पूरापूर शक्तिशाली भइसकेका देखापर्दछन् । यसरी क्रमलीलको कूटनीतिद्वारा रविगुप्तको पतन भयो । त्यसपछि गुप्तहरूको शक्ति केही सेलायो ।

तर लिच्छविसंवत् ४७९ मा राजा गणदेवका पालामा भौमगुप्तले पुनः रविगुप्तको स्थान पाए । लिच्छविसंवत् ४८२ मा गएर आफ्नो पदवीमा श्रीसमेत थप्न पाएकाले रविगुप्तभन्दा एक तहमाथि पुग्न यी भौमगुप्त समर्थ भएका थिए । लिच्छविकालमा श्री पदको ठूलो महत्व थियो । श्री भन्ने पदवी तिन ताका राजाले अथवा राजासरहका व्यक्तिले मात्र लाउन पाउंथे । तसर्थ गद्दीमा गणदेव रहे तापनि राज्यको सारा अधिकार भौमगुप्तको हातमा थियो । राजाभा जाहेर गरेर निकासापुकासा गराउने कुराचाहिं केवल औपचारिकता पुऱ्याउनु जस्तो मात्र हुन्थ्यो । लिच्छविसंवत् ४८२ मै बभ्रुवर्माले पनि दूतक भई उनी राजदरबारका एक अधिकारी हुन पुगेका थिए । तर क्रमलीलले जस्तै यी बभ्रुवर्माले भौमगुप्तप्रति कूटनीति खेलेनन् । यी बभ्रुवर्मा भौमगुप्तकै पक्षपाती भए । त्यसैले लिच्छविसंवत् ४८९ मा राजा गंगादेवले आफ्ना पालामा आफ्नो पक्षपाती वृषवर्मालाई दूतकमा नियुक्त गरे । तर राजा गंगादेवका पालासंम पनि भौमगुप्त शक्तिशालीनै थिए ।

गंगादेवपछि गद्दीमा शिवदेव बसे । तर लिच्छवि राजा केवल नाममात्रको भई सारा अधिकार भौमगुप्तका हातमा गएको र आफ्ना पुर्खाले भौमगुप्तबाट अधिकार खोस्न नसकेको कुरा लिच्छविराजा शिवदेवको मनमा खटकन लागेको थियो । भारतका राजा चन्द्रगुप्तले नन्दवंश खतम गर्नाका निमित्त कूटनीति खेल्ने चतुर चाणक्यको सहायता पाए जस्तै कूटनीति खेल्नामा सिपालु सुयोग्य व्यक्ति सामन्त अंशुवर्माबाट सहायता पाएपछि शिवदेवले भौमगुप्तलाई पन्छाउने सुसंगठित योजना बनाए । अंशुवर्माको कुशल नेतृत्वले गर्दा त्यस योजनाबमोजिम भौमगुप्तको हातमा गएको आफ्नो अधिकार खोस्न शिवदेव सफल भए । राज्यको अधिकार पुनः आफ्नो हातमा आएपछि शिवदेवले आफूलाई "लिच्छविकुलकेतु:" ( लिच्छवि कुलका झण्डा ) भनी घोषणा गरे । लिच्छविसंवत् ५१२ मा शिवदेवले राखेको विष्णुपादुकाफेदीको अभिलेखमा आफ्नो प्रशस्तिमा लिच्छविकुलकेतु: भनी उल्लेख गरेका छन् । त्यस अभिलेखमा भौमगुप्तले पाएको उनको श्री पदवी झिकिएका र दूतकचाहिं महाबलाध्यक्ष कुलप्रवीरलाई बनाइएको छ । लिच्छवि कालमा प्रधान सेनापतिलाई महाबलाध्यक्ष भन्ने पदवी दिइन्थ्यो । त्यस वेलाको महाबलाध्यक्ष भन्ने पदवी युवराजसरहको हुन्थ्यो । यहां राजाका मुख्य विश्वासपात्र महाबलाध्यक्ष कुलप्रवीर हुनाले सेना पनि राजा शिवदेवकै पक्षमा भइसकेका थिए भन्ने ज्ञात हुन्छ । अंशुवर्मालाई क्रमलीलका पालामा भएका घटनाको इतिहास थाहा थियो । त्यसैले स्थिति अनुकूल नभएसंम आफू अगाडि देखा नपरी भित्रभित्रै अंशुवर्माले भौमगुप्तको शक्ति घटाउंदै लगे । जब स्थिति राम्रो अनुकूल भएथ्यो अनि मात्र अंशुवर्मा अगाडि देखापरे । यसरी बलवान् भौमगुप्तलाई हटाउन सकेकोले शिवदेव अंशुवर्मादेखि निकै प्रभावित भए । त्यसैले अंशुवर्माले शिवदेवका साथैमा रहेर शासन चलाउन पाए । लिच्छविसंवत् ५२६ संम अंशुवर्मालाई साथमा लिई शिवदेवले शासन चलाए ।

शिवदेवले राज्य त्याग गरेपछि अंशुवर्मा स्वयं शासक हुन पुगे । अनि अंशुवर्माले नयाँ संवत्‌को आरम्भ गरे । त्यस बखत भौमगुप्तबाट शासन खोसेको २९ वर्ष पुगेको थियो । त्यसैले अंशुवर्माले सर्वप्रथम बुंगमतीमा अभिलेख राख्दा सवत् २९ अंकित गराए । अंशुवर्माले संवत् १ देखि शुरू नगरी एकैचोटि २९ देखि किन शुरू गरे, यसको

रहस्य हो भौमगुप्तका पतनको श्रीगणेश । अंशुवर्मालि भौमगुप्तको एकाधिकार शासन हटाउनाका निति एक सुसंगठित योजना तयार गरेका थिए । त्यस संगठनमा देशवर्मा सम्मिलित थिए । यी देशवर्मा भौमगुप्तका विरोधी थिए । त्यसैले लिच्छविसंवत् ४९५ मा देशवर्माले आफ्नी आमा देशभट्टारिकालाई मातृदेवताको जीर्णोद्धार गरी राख्न लगाएको पाटन शंखमूल सिकुवहीको अभिलेखमा भौमगुप्तको नामै लिएका छैनन् । अंशुवर्मालि भौमगुप्तलाई हटाएपछि यी देशवर्मालाई दूतकमा नियुक्त गरे । त्यसैले लिच्छविसंवत् ५२० को खोपासीको शिवदेवको अभिलेखमा दूतक यी देशवर्मा देखिन्छन । अंशुवर्मालि शासन हस्तगत गरेपछि पांचाली शासनपद्धति अपनाएका थिए । यो पांचालीपद्धति अचेलको पंचायतपद्धति जस्तो थियो । यसरी अंशुवर्मालि राजनैतिक परिवर्तन ल्याए । यसरी परिवर्तन ल्याएर स्थिति बलियो नभएसंम अंशुवर्मालि नयाँ संवत् चलाएनन् । अंशुवर्मा बलियो भएपछि गुप्तहरूले टाउको उठाउनसंम पनि सकेनन् । त्यसैले अंशुवर्मालि नयां संवत् चलाउंदा भौमगुप्तको पतनको श्रीगणेशलाई लक्ष्य गरी चलाएका हुन् । भौमगुप्तका पतनको श्रीगणेश लिच्छविसंवत् ४९६ मा भएको बुझिन्छ । लिच्छविसंबत् शकपूर्व २२ मा चलेको हुनाले लिच्छविसंवत्मा २२ वर्ष घटाएपछि शकसंवत् हुन्छ । तब ४१६–२२ = ४७४ शकमा शुरू भएकोबाट गणना गर्दा अंशुवर्माको चांगुनारायणको पादपीठमा रहेको सुवर्णपत्रको मिति मिल्न आयो । यो नयां संवत्चाहिं अंशुवर्मालि चलाएको हुनाले त्यसको नाम अंशुवर्मसंवत् भन्ने राखियो । यस गणनाको विस्तृत विवरण मेरो लिच्छविसंवत्को निष्कर्ष नामक पुस्तकमा दिइएको छ ।

—०—